**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०६ अगस्त २०२३

समयः १८:५० - १६:०० बजे

**<u>प्रमुख समाचार</u>**

१.देशभक्तिको भावनालाई बढावा दिनको लागी देशभरिनै 'हर घर तिरंगा' अभियान आज देखि १५ अगस्त सम्म सम्पन्न हुनेछ

२.केन्द्र सरकारले भारत–बंगलादेश सीमाको वर्तमान अवस्थाको निगरानी गर्न एक समिति गठन गरेको छ।

**३.संसदको दुवै सदनको बैठक अनिश्चितकालका लागि स्थगित भएको छ।**

**४.रक्षा अनुसन्धान तथा विकास संगठन (डीआरडीओ) ले सबैभन्दा हलुका फ्रन्ट हार्ड आर्मर प्यानल सहितको बुलेट प्रुफ ज्याकेट विकास गरेको छ।**

**५. दार्जीलिंगका लोकसभा सांसद राजु बिस्टले आज संसदमा आफ्नो क्षेत्रका जनताको निम्ति आफ्नो पुर्ख्यौली जमिनको पर्जा पट्टा प्रदान गर्ने बिषय सम्बन्धी मुद्दा उठाउनु भएको छ।**

**<u>हर घर तिरंगा' अभियान</u>**

देशभक्तिको भावनालाई बढावा दिनको लागी देशभरिनै 'हर घर तिरंगा' अभियान आज देखि १५ अगस्त सम्म चलाइनेछ। संस्कृति तथा पर्यटनमन्त्री गजेन्द्रसिंह शेखावतले नयाँ दिल्लीमा आयोजित पत्रकार सम्मेलनमा घर-घरमा तिरंगा फहराउन र हर घर तिरंगा वेबसाइटमा तिरंगासँग सेल्फी अपलोड गर्न आग्रह गर्नु भएको छ । बर्ष २०२२ मा आजादीका अमृत महोत्सवको तत्वावधानमा 'हर घर तिरंगा' अभियान शुरु गरिएको थियो र गत वर्ष १० करोड भन्दा अधिक मानिसहरुले तिरंगासँग सेल्फी खिचेर अपलोड गरेका थिए। देशभरि दुई सय भन्दा अधिक सांस्कृतिक कार्यक्रमहरू आयोजना गरिनेछ र १३ अगस्टमा सांसदहरू र मन्त्रीहरूले तिरंगा बाइक रैलीको आयोजना गर्नेछन्।

****** ० ******

**<u>केन्द्र सरकार- भारत–बंगलादेश</u>**

केन्द्र सरकारले भारत–बंगलादेश सीमाको वर्तमान अवस्थाको निगरानी गर्न एक समिति गठन गरेको छ। समितिले बंगलादेशमा रहेका भारतीय नागरिक र अल्पसंख्यक समुदायका मानिसहरुको सुरक्षा सुनिश्चित गर्न बंगलादेशमा रहेका आफ्ना समकक्षी अधिकारीहरुसँग सञ्चार माध्यमहरु राख्नेछ। सीमा सुरक्षा बल (बीएसएफ)ए पूर्वी कमाण्डका ए.डी.जी.को अध्यक्षतामा गठित समितिमा बीएसएफ फ्रन्टियर हेडक्वार्टर दक्षिण बङ्गालका आईजीए बी.एस.एफ फ्रन्टियर हेडक्वार्टर त्रिपुराका आईजीए भूमि बन्दरगाह प्राधिकरण (एल.पी.ए.आई.) का योजना तथा विकास सदस्य र एल.पी.ए.आई.का सचिव रहनेछन्।

****** ० ******

**<u>संसद -अनिश्चितकाल स्थगित</u>**

संसदको दुवै सदनको बैठक अनिश्चितकालका लागि स्थगित भएको छ। संसद को बजट सत्र २२ जुलाईमा शुरू भएको थियो र सोमवार समाप्त हुने भएको थियो स लोकसभाका अध्यक्ष ओम बिरलाले ११५ घण्टासम्म चलेको यस सत्रमा १५ वटा बैठक बसेको जानकारी दिनु भयो । उहाँले बजेटमाथि २७ घण्टाभन्दा अधिक चर्चा भएको जानकारी दिनुभयो । उहाँले अधिवेशनमा १२ वटा विधेयक पेश गरिएको र त्यसमध्ये ४ वटा लोकसभाबाट पारित भएको जानकारी दिनुहुदै । यसमा वित्त विधेयकए

विनियोजन विधेयकए जम्मू-कश्मीर विनियोजन विधेयक र भारतीय विमान विधेयक समावेश रहेको छ। श्री बिड़ला ले सत्र अवधि लोकसभाको उत्पादकता प्रतिशत १३६ रहेको थियो।

****** ० ******

**रक्षा अंनुसंधान और विकास सगंठन.डीआरडीओ**

रक्षा अनुसन्धान तथा विकास संगठन (डीआरडीओ) ले सबैभन्दा हलुका फ्रन्ट हार्ड आर्मर प्यानल सहितको बुलेट प्रुफ ज्याकेट विकास गरेको छ। लोकसभामा एक लिखित जवाफमा रक्षा राज्यमन्त्री सञ्जय सेठलेए श्यो मध्यम आकारका लागि १० किलोग्राम भन्दा अधिक तौल भएको सबैभन्दा हलुका लेभल ६ बुलेट प्रुफ ज्याकेट हो भनी बताउनुभएको छ। यस ज्याकेटमा अन्य विशेषताहरुको साथमा द्रुत रिलीज तंत्रको अद्वितीय विशेषता रहेको छ।

****** ० ******

**रेल मंत्री अश्विनी वैष्णव - रेलवे ;संशोधनद्ध विधेयक २०२४**

रेल मंत्री अश्विनी वैष्णवले आज लोकसभामा रेलवे (संशोधन) विधेयक २०२४ प्रस्तुत गर्नुभयो। विधेयकले रेल ऐनए १९८९ लाई संशोधन गर्न खोजेको छ। विधेयक प्रस्तुत गर्ने क्रममा रेल मन्त्रीले भन्नुभयो , यो विधेयकले रेलवे बोर्डको शक्ति बढाउनेछ र रेलवेको दक्षतामा सुधार ल्याउनेछ। विधेयकमा भारतीय रेलवे बोर्ड ऐनए १९०५ का प्रस्तावहरूलाई रेलवे ऐनए १९८९ मा समावेश गरेर कानुनी ढाँचालाई सरल बनाउने प्रस्ताव गरिएको छ। विधेयकले भारतीय रेलवे बोर्ड अधिनियमए १६०५ लाई रद्द गर्न खोज्छ र रेलवे अधिनियमए १६८६ मा रेलवे बोर्डको संरचना सँग सम्बन्धित प्रावधानहरूलाई उपयुक्त रूपमा समावेश गर्दछस

****** ० ******

राष्ट्रिय स्वयंसेवक संघ- बांग्लादेश

राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) ले बांग्लादेशमा सत्ता परिवर्तनको आन्दोलन अवधि हिन्दूए बौद्ध तथा त्यहॉका अल्पसंख्यक समुदायहरूमाथि भइरहेको हिंसाका घटनाहरूप्रति गम्भीर चिन्ता प्रकट गरेको छ। बांग्लादेशमा हिन्दू तथा अन्य अल्पसंख्यक समुदायका मानिसहरूको लक्षित हत्याए लूटपातए आगलागीए महिलाहरूसॅग जघन्य अपराधए मन्दिर जस्तो श्रद्धास्थानमा हमला र क्रूरता असहनीय रहेको बताउँदै आरएसएसले यसको घोर निन्दा गरेको छ। राष्ट्रिय स्वयंसेवक संघको सरकार्यवाहक दत्तात्रेय होसबाले आज एक प्रेस बयानमा बांग्लादेशको कार्यकारी सरकारसॅग तत्काल कडाइका साथ यस्ता घटनाहरूमाथि रोक लगाउन उहाले यस गम्भीर समस्यामा विश्व समुदाय तथा भारतका सबै राजनीतिक दलहरूसॅग बांग्लादेशका प्रताडनाको शिकार बनेका हिन्दूए बौद्ध आदि समुदायसॅग एकजुट बनेर उभिन अनुरोध पनि गर्नुभएको छ स

प्रेस बयानमा आरएसएसले बांग्लादेशको परिस्थितिमा एक छिमेकी मित्र देशको नातामा सुयोग्य भूमिका निर्वाह गर्न प्रयासरत भारत सरकारसॅग बांग्लादेशमा हिन्दूए बौद्ध आदि मानिसहरूको सुरक्षा सुनिश्चित गर्न हर सम्भव प्रयास गर्न अनुरोध गरेको छ।

****** ० ******

**सिक्किम -भुइँचालो**

आज बिहान सिक्किममा भुइँचलोको गतिलो झट्का महसूस गरियो। भुइॅचालो बिहान लगभग सात बजी आयो जब अधिकांश मानिसहरू उठेका थिएनन्। समाचार लेखुन्जेलसम्म भुईचालोले जनधनको कुनै क्षति नगरेको जानकारी प्राप्त भएको छ स नेशनल सेण्टर फर् शिस्मोलोजीले आफ्नो फेसबुक पेजमा जारी गरेको रिपोर्टमा भुईचालोको केन्द्र पश्चिम सिक्किमको सोरेङमा जमिनदेखि लगभग १० किलोमिटर मुनि रहेको बताएको छ। यसको तीव्रता रिएक्टर स्केलमा ४ण्४ मापिएको छ। ।भुईचालोको झटका सिक्किम लगायत कालेबुङए दार्जीलिङ र सिलगढ़ीसम्म महसूस गरिएको जानकारी प्राप्त भएको छ।

****** ० ******

**दार्जीलिंग-राजु बिस्ट**

लोकसभा सांसद दार्जीलिंगका लोकसभा सांसद एव भाजपाका केन्द्रीय प्रवक्ता राजु बिस्टले आज संसदमा आफ्नो क्षेत्रका जनतालाई आफ्नो पुर्ख्यौली जमिनको पर्जा पट्टा प्रदान गर्ने सम्बन्धी मुद्दा उठाएको जानकारी दिनुभएको छ स एक प्रेस बिज्ञप्ति जारी गर्नुहुदै संसद बिस्टले संसदलाई जानकारी गराउदै - कसरी भारतमा १८६४ मा स्थापित वन विभागले दार्जिलिङमा

ऐतिहासिक रूपमा चिया अनि सिन्कोना खेतीको लागि प्रयोग गरिँदै आइएको भूमिमाथि आफ्नो स्वामित्व जमाइरहेको छ भनि प्रश्न गर्नुभएको छ सउहाँले वन विभाग अस्तित्वमा नहुँदादेखि नै  १८५० को दशकको शुरुमा चिया बगानहरू अनि १८६१ देखिनै सिन्कोना बगानहरू सञ्चालनमा रहिआएका छन्। उहाँले भारत स्वतन्त्र भएको सतहत्तर वर्षपछि पनि पश्चिम बङ्गाल सरकारले चिया अनि सिन्कोना बगानका श्रमिकहरूए वन बस्ती र डीआई फण्ड ल्याण्डका निवासीहरूलाई उनीहरूका पुर्ख्यौली भूमिको पर्जा पट्टाको अधिकार अझसम्म नदिएको उल्लेख गर्नुहुदै हालैमाए पश्चिम बङ्गाल सरकारद्वारा यी पुर्ख्यौली भूमिहरूमा आफ्नो स्वामित्वको दावी गर्दै बोर्डहरू गाड़ेर स्थानीय समुदायहरूलाई उक्साउने काम गरिनाले क्षेत्रमा तनाव बढ़ेको बताउनुभएको छ ससंसद श्री बिस्टले केन्द्र सरकारसित प्रभावित व्यक्तिहरूलाई उनीहरूका पुर्ख्यौली भूमिमाथि पर्जा पट्टाको अधिकार प्रदान गर्न एउटा राष्ट्रिय नीति बनाएर यस मुद्दाको सम्बोधन गर्न आग्रह गरेको बताउनु भएको छ।

****** ० ******

**<u>अलिपुरद्वार- शिक्षकको मृत्यु</u>**

अलिपुरद्वारमा आज सरकारी बसको ठक्करबाट एक शिक्षकको मृत्यु भएको छ। मृतक शिक्षकको नाम भजन शाह बताईएको छ। मृतक घरघरिया माविका शिक्षक रहेको बताईएको छ । सुत्र अनुसार सधैंझैं भजन शाह विद्यालय जानका लागि बाइकमा निस्के पछि साल्सलाबारी राष्ट्रिय राजमार्गमा एउटा सरकारी बसले उनको मोटरसाइकललाई ठक्कर दियो। जसका कारण उनीहरु गम्भीर घाइते भएका थिए। घटनास्थलमा पुलिस पुगे पछि शिक्षकलाई उद्धार गरी अलीपुरद्वार जिल्ला अस्पतालमा पठाईयोए जहाँ डाक्टरहरूले उनलाई मृत घोषित गरे। पुलिसले अघिल्लो कारबाही शुरु गरेको छ।

****** ० ******